भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद,तनहुँ गण्डकी प्रदेश,नेपाल
Bhimad, Tanahun Gandaki Province, Nepal
२०७३/2073


प.सं./Ref No.: २०७९/०८०

च.नं Des No. : (पशुसेवा शाखा)

मितिः २०७९/०८/२१

**भिमाद नगरपालिका क्षेत्रमा बंगुर सुँगुरको आवतजावत र ओसारपसार बन्द गरिएको सूचना !!!**

केही महिना देखि काठमाडौं, कास्की, स्याङ्जा लगायतका जिल्लाहरुमा बंगुर सुँगुरमा लाग्ने अफ्रिकन स्वाइन फिवर फैलिइरहेको र भिमाद न.पा. को एक खोरमा अफ्रिकन स्वाइन फिवरसँग मिल्दोजुल्दो लक्षण देखिने रोग देखापरी रोग निदानको लागि नमूना पठाईएको र उक्त रोग अफ्रिकन स्वाइन फिवर पुष्टी भएकाले बंगुर सुँगुरहरु ओसारपसार र आवतजावत पूर्णरुपमा बन्द गरिएको छ ।साथै तपसिलका कार्यहरु अपनाइ अफ्रिकन स्वाइन फिवर रोग नियन्त्रणमा सहयोग गरिदिनुहुन सम्वन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

१) फार्म/खोरमा जैविक सुरक्षाका उपायहरु अबलम्बन गर्ने।

२) अनावश्यक रुपमा अरुको फार्म/खोरमा नजाने/नल्याउने।

३) फार्म/खोरको काम गर्दा लगाएको लुगाकपडा र जुत्ताचप्पल अरु बेला प्रयोग नगर्ने, गोठको काम सकेपछी हातखुट्टा राम्ररी धुने।

४) केही समयका लागि बंगुर सुँगुरहरुको ओसारपसार पूर्ण रुपमा बन्द गर्ने।

५) फार्म/खोरमा पालिएका बंगुर सुँगुरमा कुनै पनि किसिमको स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको पशु सेवा शाखा/पशु सेवा केन्द्र/विज्ञ केन्द्र वा नजिकको पशु स्वास्थ्य प्राविधिक लाई खबर गर्ने।

६) नियमित रुपमा फार्म/खोर वरपर चुना, फिनेल वा भिर्कोन छर्ने।

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत


Contact No:- 065-572436, Website :bhimadmun.gov.np
Email:livestock.bhimadmun@gmail.com,bhimadmunicipality@gmail.com